निर्णयहरू:-

१. जिल्लास्थित कार्यालयहरूबाट आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन गरिएका कार्यहरूको समिक्षा गरियो ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संगठन विकास शाखाको च.नं. २८०, मिति २०७७-०३-२१ को करारमा कर्मचारी पदपूर्ति विषयक पत्रको व्यहोरा बैठकमा जानकारी भयो । सो सम्बन्धमा करार वा ज्यालादारीमा कर्मचारी आवश्यक परेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी फाजिलमा रहेका कर्मचारीहरुबाट व्यवस्थापन गर्ने व्यवस्था सबै कार्यालयहरूले मिलाउने ।

३. कार्यालयमा कार्यरत सबै कर्मचारीहरूले आ.व. २०७६/०७७ को सम्पत्ति विवरण तोकिएको समयमा नै राष्ट्रिय किताबखाना (निजामती) मा बुझाउने ।

४. मनसुन शुरु भएपश्चात् बाढी, पहिरो तथा डुबानका घटनाहरू घटनसक्ने भएको हुँदा सबै कार्यालयहरू उच्च सतर्कतामा रहने र जोखिम न्यूनीकरण लागि आवश्यक पूर्व तयारी समेत गर्ने ।

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी